नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

## जिल्ला प्रशासन कार्यालय उदयपुरको अत्यन्त जरुरी सुचना ।

विश्वभर देखा परेको नयाँ भेरियन्ट सहितको कोभिड–१९ महामारीको संक्रमण नेपालमा समेत बढ्दै गइरहेको सन्दर्भमा संभावित जोखिमको रोकथाम, नियन्त्रण तथा उपचारका कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गरी बढ्दो संक्रमणलाई न्यूनीकरण गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४ मिति २०७८।०१।०६ को पत्रबाट आदेश बमोजिम मिति २०७८।०१।०७ गते बसेको जिल्ला कोभिड –१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) को बैटकको निर्णयानुसार उदयपुर जिल्लामा कोभिड–१९को संक्रमण फैलिन नदिन तथा रोकथाम एवम् नियन्त्रणको प्रभावकारी उपायहरु अवलम्बन गर्न तपसिल बमोजिम हुने गरी सम्वन्धित सबैको जानकारीको लागि यो आदेश जारी गरिएको छ ।

**तपसिल**

१) जिल्ला भित्रका सबै शैक्षिक संस्थाका नियमित कार्यक्रम तथा विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

२) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी नाँचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्वीमिङमुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने ।

३) मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ साल बैशाख मसान्तसम्म नित्य पुजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

४) एक पटकमा २५ जना भन्दा बढी जम्मा भेला नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइज गर्ने गरी सपिङमहल, डिपार्टमेन्ट स्टोर संचालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्वन्धित व्यवस्थापक वा संचालकको हुने ।

५) मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यको मापदण्ड पालना हुने गरी मात्र संचालन गर्ने । विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृती लिई २५ जनामा नबढ्ने गरी गर्ने ।

६) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

तर सुरक्षा निकायको आन्तरिक तालीमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने ।

७) सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः-
क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ,
ग) सबारी साधनको ढोकामा र सबारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्ने ,
घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,
ङ) सबारी साधनलाई दैनिक रुपमा निसङ्कमित गर्नु पर्ने,

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्या:-
चलानी नम्बर:-

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा १० रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको बिवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र लाई उपलब्ध गराउने ।

८) कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा १० रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

९. होटल तथा रेष्टुरेन्टले बिहान ८.०० बजे देखि बेलुका ८.०० बजेसम्म देहायको मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात टेकअबे र होम डेलीभरी मात्र उपलब्ध गराउने:-

क. होटेल तथा रेस्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाईजर र पञ्जा लगाउने,
ख. होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,
ग. कम्तिमा २ मिटरको भौतिक दुरी कायमा गर्नु पर्ने,।
घ. सेनिटाईजरको व्यबस्था गर्नु पर्ने,
ङ होटल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,
च. होटल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा १० रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्न नदिने ।

१०. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटल तथा रेष्टुरेन्टहरुले बुँदा नं. ९ बमोजिमका जनस्वास्थयका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यबस्था मिलाई आलोपालो सेवा दिने ।

११. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म बिद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने ।

१२. यथासम्भव सबै बैंक तथा बित्तिय संस्थामा सेवा तथा बिद्युतीय भूक्तानी प्रणाली लागू गर्ने व्यवस्था गर्ने । सेवा शुल्क र र महसुल अग्रिम वा एकमुष्ट रुपमा बुझाउन चाहनेलाई सो बमोजिम गर्न सक्ने गरी व्यबस्था मिलाउने ।

१३. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१४. कोभिड- १९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्ने :-

क. कोभिड- १९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने ।
ख. परीक्षण, क्वारेन्टीन ,आईसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने ।
ग. क्वारेन्टीन वा आईसोलेशनमा वस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टीन वा आईसोलेशनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने ।
घ. घर वा होटलमा क्वारेन्टीन वा आईसोलेशनमा बसेको व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने ।
ङ २ मीटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना स्थानीय तहलाई दिने ।
च. ६० वर्ष माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने ।

तुलसी राम सेढाई
प्रमुख जिल्ला अधिकारी

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३, ०३५-४२०१३२, ०३५-४२०१३१, ०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्नेः-
   क. जनस्वास्थयका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।
   ख. घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,
   ग. विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वारेन्टीनमा अनिवार्य रुपमा वस्ने ।
   घ. पी.सी.आर परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर हिँड्डुल, भेटघाट र बैठक नगर्ने ।
   ङ. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

१६. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक निजी, गैरसरकारी संघ संस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने ।

१७. व्यवसायिक, पेशागत र सामुदायिक संघ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने ।

*कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि प्रमुख जिल्ला अधिकारीले संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ ले दिएका अधिकारको प्रयोग गरी कारवाही गर्नुका अतिरिक्त यस आदेश बमोजिम निषेध, नियन्त्रण र नियमन गरिएका काम कारवाही सो बमोजिम भए नभएको र यस आदेशको पालना भए नभएको अनुगमन गरी सोको परिपालन गर्ने गराउने कार्य हुनेछ । सो क्रममा यस आदेशको पालना नभएको पाइएमा उल्लिखित एवम् प्रचलित कानून बमोजिम कारवाही(जरिवाना वा कैद वा दुवै सजाय) हुने व्यहोरा समेत सबैमा सूचित गरिन्छ ।*

०७८।०१।०७

मितिः २०७८।०१।०७

तुलसी राम सेडाई
प्रमुख जिल्ला अधिकारी

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np